आज मिति २०७६ साल वैशाख ३० गतेका दिन यस मकवानपुरगढी गाउँपालिकाको अध्यक्ष श्री बिदुर हुमागाईं ज्यूको अध्यक्षतामा गाउँपालिका कार्यपालिका बैठक बसी देहायको पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक बसी देहायको निर्णयहरु गरियो।

उपस्थिति

श्री बिदुर हुमागाईं - अध्यक्ष

श्री हेमुमायाँ कम्बा - उपाध्यक्ष

श्री आइतसिंह लो - १ नं वडा अध्यक्ष

श्री बखान सिं पाखिन - २ नं ''

श्री भागवत घिमिरे - ३ नं ''

श्री राम प्रसाद तिमल्सीना ४ ''

श्री मित बहादुर घिमिरे ५ ''

श्री टिका प्रसाद दाहाल ६ ''

श्री सूर्य बहादुर कम्बा ७ ''

श्री कुमार सिं घिसिङ ८ ''

श्री सुरेन्द्र सुनार का.पा. सदस्य

श्री चितीमायाँ लुङ्वा '' ''

श्री बुद्धिमाया योञ्जन '' ''

श्री पातली मायाँ गोले '' ''

श्री मञ्जु योञ्जन '' ''

श्री निर्मला विश्वकर्मा '' ''

श्री [illegible] मिश्र कपरियाल, प्र.प्र.अ.

मकवानपुरगढी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

मक्रान्चुली,मकवानपुर

गाउँकार्यपालिकाको बैठक

**मिति : २०७६।१।३०**

**बैठकका प्रस्तावहरु**

१. चालु आर्थिक वर्षको आय तथा बजेट खर्चको समिक्षा सम्वन्धमा ।

२.डिपिङ ट्याङक निर्माणको लागि वडा छनौट सम्वन्धमा ।

३. प्रदेश सरकार बाट गाउँपालिकालाई प्राप्त शशर्त अनुदान बापतको बजेट (१६ लाख) सो रकमबाट एम्बुलेन्स खरिदका लागि भन्सार छुट सुविधा सम्वन्धमा ।

४. शिवम सिमेन्ट उद्योग र अन्य निकायबाट प्राप्त ११ लाख रुपैयाबाट सुकौरा स्वास्थ्य चौकिमा एम्बुलेन्स खरिदका लागि भन्सार छुट सम्वन्धमा ।

५. आगामी आर्थिक वर्षको गाउँसभाको कार्यतालिका सम्वन्धमा ।

६.सुकौरा स्वास्थ्य चौकि र जनता माविको भवन सिल्यन्यासको लागि अमेरिकि राजदुतको आवगमनको लागि सुरक्षा व्यवस्थाको लागि समन्वय सम्वन्धमा ।

७. आर्थिक सहायता सम्वन्धमा ।

८. प्रदेशसरकारको लागि परियोजना वैंक पठाउने सम्वन्धमा ।

९. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना सम्वन्धमा ।

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णयहरु

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा चालु आर्थिक वर्षको आय तथा बजेट खर्चको सन्दर्भमा हाल सम्म देहाय अनुसार आम्दानी, खर्च तथा चालु र पुजीगत खर्चको समिक्षा गरिएको निर्णय गरियो ।

| वैशाख मसान्त सम्मको आम्दानी | वैशाख मसान्त सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|
| २८,६४,७२,७१९।- | १९,३४,९६,४८७९० | ४०।६१ |

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा चालु आर्थिक वर्षको लागि पशु विकास तर्फ विनियोजित वजेट कार्यान्वयनको लागि डिपिङ ट्याङट्याङक निर्माणको लागि साना किसान कृषि सहकारी संस्था लि.माफर्त कार्यान्वयन गराउने तथा सो योजनाको लागि लागत अनुमान अनुसार ७ वटा निर्माण हुने भएको हुदा, वडा नं १,२,३ र ४ नं वडामा निर्माण गर्न सम्वन्धित वडा कार्यालय संगको समन्वयमा क्षेत्र छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा ३ नं प्रदेश सरकारवाट प्राप्त शशर्त अनुदान शिर्षकमा एम्वुलेन्स खरिदका लागि प्राप्त भएको देहायको बजेटबाट क्याटलग वा शिलवन्दी कोटेशनको माध्यमवाट खरिद गर्ने निर्णय गरियो । साथै उक्त एम्वुलेन्स खरिदका लागि प्रचलित कानुन अनुसार भन्सार छुट सुविधा प्राप्त गर्न अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई अनुरोध पत्र पठाउने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं | खरिदको प्रकार | प्राप्त वजेट | बजेट शिर्षक | अनुदानको प्रकार | अनुदान निकासा गर्ने नियकाय |
|---|---|---|---|---|---|
| १ | एम्वुलेन्स खरिद | १६,००,०००।-(सोह् लाख रुपैया मात्र) | २६३३२ | शशर्त अनुदान | आर्थिक मामिला तथा योजना मन्त्रालय, ३ नं प्रदेश |

**निर्णय नं ४**

प्रस्तुत विषयमा मकवानपुरगढी गाउँपालिका वडा नं ७ र ८ भौगोलिक हिसावले अत्यन्तै दुर्गम रहेको, चोविसै घण्टा यातायातको सुविधा नभएको तर उक्त दुवै वडामा स्वास्थ्य चौकि संचालनमा रहेको छ । तर सामान्य विरामी भै उपचारको लागि विरामीलाई अन्यत्र लैजानको लागि हाल सम्म पनि कुनै एम्वुलेन्सको साधन नभएको हुदा, स्थानीय वडा कार्यालयको पहलमा शिवम् सिमेन्ट उद्योग प्रालि र स्थानीय समाज सेविको सहयोगमा एम्वुलेन्स खरिद गर्ने कार्यक्रम रहेकोले तपशिलको संस्था मार्फत संचालन हुने गरि भन्सार छुट सुविधा प्राप्त सम्वन्धित संस्थाबाट सिफारिस माग भई आएको हुदा, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई प्रचलित कानुन अनुसार छुट सुविधाको लागि अनुरोध पत्र पठाउने निर्णय गरियो ।

**निर्णय नं ५**

मकवानपुरगढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ... मकवानपुर ३नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं ५ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७६।०७७ को लागि गाउँसभा सम्पन्न गर्न देहाय अनुसारको कार्यतालिका स्वीकृत गरि सम्वन्धित वडा कार्यालयमा कार्यान्वयनको लागि पठाउने निर्णय गरियो ।

| क्र.स.. | क्रियाकलाप | मिति | स्थान | मुख्य जिम्मेवार निकाय वा व्यक्ति |
|---|---|---|---|---|
| १ | राजस्व परामर्श समितिको वैठक | २०७६।२।७ गते दिनको १:०० बजे | गा.पा. | उपाध्यक्ष तथा पदाधिकारीहरु |
| २. | बजेट सिमा निर्धारण, मार्गनिदेशनको तयारी समितिको वैठक | २०७६।२।९ गते दिनको १:०० बजे | गा.पा. | अध्यक्ष तथा पदाधिकारी |
| ३ | गाउँसभाको सदस्य तथा कार्यपालिकाको सम्पूर्ण सदस्यहरुको लागि १ दिने अभिमुखिकरण गोष्ठि | २०७६।२।१२ गते दिनको १०:०० बजे | गा.पा. | अध्यक्ष,उपाध्यक्ष तथा प्र.प्र.अ. |
| ५ | वडागत सिलिङ तथा मर्गनिर्देशन पठाउने | जेठ १९ गते सम्म | | |
| ६ | वस्ति स्तरको भेला | जेठ २० गते देखि २४ गते सम्म | सम्वन्धि वडा को वस्ति स्तरमा | सम्वन्धित वडाको वडा अध्यक्ष तथा वडा सदस्य र वडा सचिव |
| ७ | वडा समितिको वैठक | जेठ २५ र २६ | सम्वन्धित वडा कार्यालय | वडा समितिका पदाधिकारी |
| ८ | वडा समितिले वजेट तथा कार्यक्रम गा.पा.मा पेश | जेठ २७ र २८ गते भित्र | गा.पा. | वडा सचिव |
| ९ | वडागत कार्यक्रमको कम्पायललेसन | जेठको २९,३० र ३२ गते | गा.पा. | अध्यक्ष तथा कर्मचारीहरु |
| १० | विषयगत समितिको वैठक | जेठको ३२ गते र असार १,२ गते | गा.पा. | सम्वन्धित विषयगत समितिका संयोजक र पदाधिकारी |
| ११ | एकिकृत बजेट तर्जुमा समितिको वैठक | असार ४ गते | गा.पा. | अध्यक्ष,उपाध्यक्ष र पदाधिकारीहरु |
| १२ | गाउँ कार्यपालिकाको वैठक | असारको ६ गते १० बजे | गा.पा. | कार्यपालिकाको सम्पूर्णपदाधिकारीहरु |
| १३. | चौथो गाउँसभाको वैठक | असार १० गते विहान १० बजे | गा.पा. सभाहल | गाउँसभाको सम्पूर्ण सदस्यहरु |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं ६**

मकवानपुरगढी गाउँपालिकाको वडा नं ७ मा युनिसेफको सहयोगमा निर्माण हुन गईरेको स्वास्थ्य चौकि भवन र जनतामा माविको भनव सिलन्यासको लागि अमेरिकि राजदुतको आगमन हुने भन्ने जानकारी अनुसार आवश्यक सुरक्षा व्यवस्थाको लागि सम्वन्धित निकाय तथा जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

प्रस्ताव नं ७ माथि छलफलगर्दा देहायको व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउन निवेदन पेश हुदा,आर्थिक सहायता उपलब्ध गराउने सम्वन्धित निर्देशिका, २०७४ अनुसार देहायको खर्च शिर्षकबाट देहायको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | नाम | ठेगाना | आर्थिक सहायता उपलब्ध गराउनको कारण | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|---|---|
| १ | भरत घिमिरे | म.गढी-५ | दुर्घटनामा परि घम्भिर घाइते | असाय संग गाउपालिका अध्यक्ष कार्यक्रम | ३०,०००।- |
| २ | सरोज दुलाल | गढी -५ | मेसिनमा परि हात काटिएको(पुर्णरुपमा छुट्एिको) | असाय संग गाउपालिका अध्यक्ष कार्यक्रम | २५,०००।- |
| ३ | सिंह वहदुर पाखिन | गढी -५ | श्रीमति फुलमाया पाखिनको मिति २०७६।१।२० गतेको चट्याङमा परि मुत्यु भएको । | विपत व्यवस्थापन कोष | २५,०००।- |
| | | | | | |

**निर्णय नं ८**

प्रस्ताव नं ८ माथि छलफल गर्दा आगामी आर्थिक वर्षको लागि प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयवाट आमागी आर्थिक वर्ष २०७६।०७७ को लागि परियोजना बैंक पठाउन फाराम सहित प्राप्त भएको हुदा, यस गाउँपालिकाको देहायको योजनाहरु पठाउने निर्णय गरियो ।

**तपशिल**

**१.मोटर वाटो तर्फ**

क. शहिद वाशुदेव मार्ग - (सामरी पुल सुकौरा वुढी चौर इपा सिस्नेरी)

ख. सामरी पुल -मक्रान्चुली- गढी भन्ज्याङ -रानीशेरा- कान्ति लोक पथ सडक

ग. पिप्ले- मक्रान्चुली- कुर्ले -सुकौरा -कान्तीलोक पथ जोडने सडक

घ. इक्चुङ -वुढीचौर -इपा -फाष्ट ट्र्याक जोडने सडक

**२. पक्कि पुल तर्फ**

क. डुम्रेकुना -लामिडाडा सामरी खोला पक्कि पुल

ख. सिमल्टा-र कालिवन -ज्यामिरे खोला पक्कि पुल

ग. देविडाडा- वाग्दलि सामरी खोला मिनि पुल

घ. सुकौरा -सातकन्या दमार सामरीखोला पक्कि पुल

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर नेपाल

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

घ. भालु खोला पक्कि पुल

**३. झोलुङ्गे पुल तर्फ**

क. कालिवन कालिखोला सामरी खोला झो पु गढी ४

ख. वुदुने खोला झो पु

ग. इक्चुङ ओखरडाडा ओखर खोला झो पु

घ. नरसिङ डाडा जिम्बर खोला झो पु गढी ७

ङ. खैरेनी खोला झो पु गढी ५

च. खुडेधार सुकौरा झो पु गढी ७ र ८

छ. फगते,कार्कीडाडा, समरी खोला झो.पु. गढी २ र ६

**४. सामरी खोला एकिकृत वस्ति संरक्षण योजना गढी १ देखि ९**

**५. विधुत विस्तार मर्मत स्तर उन्नती तथा भोल्ट सुधार योजना गढी १ -८**

**४. खानेपानी तर्फ**

क. गढी वृहत खानेपानी योजना मकवानापुरगढी २,३ र ४

ख. सुकौरा ढुङगेगढी गढी दरवार क्षेत्र खा .पा. योजना मकवानापुरगढी २-७

ग. लाइन पाखा रानीशेरा खानेपानी योजना मकवानापुरगढी १

घ. कालिखोला टावर डाडा लिफ्ट खानेपानी योजना मकवानापुरगढी-३

ङ. कालिखोला वुर्जाडाडा खानेपानी योजना मकवानापुरगढी -४

च. जिम्वरखोला च्याफल भन्ज्याङ सरमपुर खा पा योजना मकवानापुरगढी ६-७

छ . चालिसे खानेपानी योजना मकवानापुरगढी -१

**५.सिंचाई तर्फ**

क. सामरी आसपास क्षेत्र सोलार सिचाइ योजना

**६.कृषि पशु तथा लाघूध्म तर्फ**

क मकवानपुरगढि अग्र्यानिक उत्पादन पकेट क्षेत्र परियोजना

ख मकवानपुरगढी नमुना कृषि तथा पशु तालिम केन्द्र निर्माण योजना

घ २५०० लधु उद्यमि सृजना गर्ने लधु उद्यम विकास कार्यक्रम

ङ. स्थानिय कच्चा पदार्थमा आधारित साना उद्योग स्थापना कार्यक्रम

**७.स्वास्थ्य तर्फ**

च. २५ शैयाको अस्पताल स्थापना सहित वडा स्तरमा सामुहिक स्वास्थ्य सेवा इकाइ व्यवस्थापन कार्यक्रम

**७.शिक्षा तर्फ**

क. मकवानपुरगढी आवासीय प्राविधिक शिक्षालय संचालन गढी २

१४. मकवानपुरगढी एकिकृत पर्यटन विकास कार्यक्रम

क. मकवानपुरगढी दरवार संरक्षण तथा विकास कार्यक्रम

ख. ढुङगेगढी आनन्द पार्क योजना

ग. मकवानपुरगढी ऐतीहासिक विजयक पार्क निर्माण योजना

घ. ऋषेश्वर गुफा संरक्षण तथा पर्यटन विकास कार्यक्रम

च. मनकामना संरक्षण तथा धार्मिक पर्यटन क्षेत्र विकास कार्यक्रम

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

छ. संस्थागत गुम्बा निर्माण सुकौरा गढी ५
ज. सहिद रुद्र बाटिका गढी -४
झ.सहिद वासुदेव पार्क गढी -५
वाल मैत्री पार्क गढी-३
ट.हेलिग्राफ धार्मिक पर्यटन गढी-६

**सााना सडक तर्फ**

१.धरमपानी लामिडाडा कृषि सडक गढी-२
२. चौघोडा मक्रान्चुली सडक गढी -३
३. खेलडाडा फुलबारी पराजुली डाडा अधेरी सडक गढी-१
४. सिंचाई,मनकामना कालीखोलापुल सडक गढी-४
५. गैरी भन्ज्यांग छाप कान्तिलोकपथ सडक गढी-२
६. काली बन चन्द्र सुर्य आम्भंज्यंग नर्सिह डाडा सडक गढी-५
७. भालुखोला च्याफल डाडा सडक गढी-६
८. बरबोट सामरी पुल सडक गढी-३
९. धामीले कृषि सडक गढी -३

**निर्णय नं ९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा चालु आर्थिक वर्षको लागि राष्टपति रनिडशिल्ड प्रतियोगिता देहायको मितिमा देहायका स्थानमा सम्पन्न गर्ने निर्णय गरियो । साथै सो खेल सम्पन्न गर्नको लागि शशर्त शिर्षकमा विनियोजित वजेट रु.१,००,०००।-मा गाउँपालिकावाट विनियोजित वजेट रु ५०,०००।-थप गरि कार्यान्वयन गर्ने । खेल सम्पन्न गर्नको लागि प्राविधिक सहयोगको लागि जिल्ला खेलकुद विकास समितिमा अनुरोध लेखि पठाउने ।

**तपशिल**

मिति : २०७६।२।१३ र १४ गते
स्थान : वडा नं २, बंशगोपाल कुर्ले खेलमैदान

**निर्णय नं १०.**

प्रस्ताव नं १० माथि छलफल गर्दा शिवम सिमेन्ट उद्योगले पेश गरको खानी संचालन सम्वन्धि पेश गरेको प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन उपर देहायको राय सुझाव पठाउने निर्णय गरियो ।
कार्य प्रक्रिया अगाडी वढाउन सुझाव दिने ।
१. सहिद वासुदेव मार्ग लाई असर नपर्ने गरि, कार्य प्रक्रिया अगाडी वढाउन सुझाव दिने ।
२. मकवानपुरगढी गाउँपालिका वडा नं ७ र ८ को वस्तिलाई असर नपर्ने गरि कार्य अगाडी वढाउन हुन ।
३. ऐतिहासिक खुडेधार पैदल मार्गको संरक्षण
४. खोटार खानीलाईमा हाल उत्खनन् गरेको क्षेत्रलाई व्यवस्थापन गरेर बाकी १० हेक्टर सम्म खानी उत्खनन गर्न सक्ने ।
५. सवै स्थानको खानी व्यवस्थित ग उत्खनन गर्नु पर्ने ।
६. खानी प्रभावित क्षेत्रका वस्ती, वातावरण र पर्यावरणमा प्रतिकुल प्रभाव नपर्ने गरि उत्खनन गर्नु पर्ने ।

मकवानपुरगढी गाउँपालिका
प्रमुख प्रशासकीय अधिकृत